# इस्मा गाउँपालिकाका आगलागी पीडितको अवस्थाका विषयमा तयार पारिएको स्थलगत अध्ययन प्रतिवेदन

गुल्मी जिल्ला इस्मा गाउँपालिका-२ र ४ मा २०८१ वैशाख ८ गते जंगलको आगो एक्कासि गाउँ पसेपछि २६ घर र ४९ गोठसहित ७५ पशुचौपाया जलेर मरेका छन् । डढेलोबाट दुई जना र सात पशुचौपाया घाइते भएका छन् । आगलागीपछि उद्धार, राहत, शिक्षा, स्वास्थ्य, खानेपानी र कृषि लगायतका क्षेत्रमा परेको प्रभावको बारेमा सत्यतथ्य अध्ययनका लागि तपसील बमोजिमका संघ संस्था सम्मिलित टोलीको सहमभागितामा स्थलगत अध्ययन गरिएको छ ।

## अनुगमनकर्ता

१. टोपलाल अर्याल : प्रतिनिधि-अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)

२. अनिल खत्री : संवाददाता-नेपाल टेलिभिजन

३. हुमाकान्त पोखेल : अध्यक्ष- रेसुंगा सूचना केन्द्र

## अनुगमन मितिः

२०८१ वैशाख ११, १२ र १३ गते

## अनुगमनको उद्देश्य

गुल्मी जिल्ला इस्मा गाउँपालिका-२ र ४ मा २०८१ वैशाख ८ गते जंगलको आगो एक्कासि गाउँ पसेपछि भएको क्षतिपछि पीडित परिवारको उद्धार, राहत, शिक्षा, स्वास्थ्य, कृषि, वातावरण पक्षसँगै पुर्नस्थापनाको अवस्थाका बारेमा सत्यतथ्य अनुगमन गरेर सुझाव पेश गर्ने ।

## घटनाको विस्तृत विवरण





**२०८१ वैशाख ८ गते आगलागीले ध्वस्त इस्मा गाउँपालिका-२ र ४ का घरहरू**

वैशाख पहिलो हप्ताबाट नै डढेलोका घटनाहरू भइरहेका थिए । तर, घरगोठ जल्ने र मानवीय क्षति भने भएको थिएन । २०८१ वैशाख ८ गते निकै ठूलो हावाहुरी चलेको थियो । वैशाख ८ गते बिहानैबाट इस्मा गाउँपालिका-२ हस्तिचौरको सिदुंखा सामुदायिक बनमा डढेलो लागिरहेको थियो । त्यो डढेलो दिउँसो करिव १

बजे हावाकै कारण गाउँ पस्यो । भिरालो र सल्लेरीसहितको बस्तीमा आगो गाउँ पसेपछि स्थानीयले केही गर्न सक्ने अवस्था रहेन । करिब एक घण्टाको बिचमा इस्मा-२ की वसुन्धार कुँवर पसलसहितको घर पूर्ण रूपमा जलेर नष्ट भयो । घरमा भएको सबै सम्पत्ति र गोठमा रहेका आठ बोका, पाँच बाखा र दुई भैंसी जले । सोही ठाउँकै चन्द्रबहादुर कुँवरको घर, कुटानी पिसानी गर्ने मिल, किराना पसल र बंगालो जलेर पूर्ण रूपमा नष्ट भए । हस्तिचौरकै सूर्यबहादुर कुँवरको घर, गनबहादुर कुँवरको घर, एक भैसी, एक पाडो र चार बाखा जले । त्यस्तै ऋषिराम कुँवरको घर, रमेश थापाको घरगोठ, होमबहादुर मल्लको बंगालो, लिलाबहादुर थापाको घरगोठ, टीकाबहादुर रायामाझीको घरगोठ, गोलबहादुर थापाको किराना पसल र बंगालो, धर्मराज थापाको घरगोठ र कुटानी-पिसानी मिल, दुई भैसी, दुई बाखा जले । सोही ठाउँकै इन्द्रबहादुर थापाको किराना पसल र तीनवटा गोठ, रामबहादुर थापाको घरगोठ, गीता थापाको गोठ र भैसी तथा सरिता थापाको घर र बंगालो जलेर नष्ट भए । ०८१ वैशाख ८ गतेनै इस्मा गाउँपालिका-४ का दुई स्थानमा थप क्षति भयो । इस्मा गाउँपालिका-४ को मड्किलामा लागेको डढेलोको कारण टोकली बस्नेतको बङ्गालो, सुर्य र गुञ्जबहादुर बस्नेतको गोठ जलेर नष्ट भए । डँढेलोको कारण एक भैंसी र नौ बाखा मरे । इस्मा गाउँपालिका-४ कै कोटकोटेरीमा जंगलको डढेलो बस्ती पसेपछि स्थानीय ऋषिराम खनालको बंगालो, बलबहादुर दर्जीको दुई घर, सरिता अधिकारीको घर, ज्ञानु अधिकारीको घर, बिमला अधिकारीको घरगोठ, सुरेन्द्रलाल विकको घर, रामबहादुर अधिकारीको घर बंगालो र गोरखनाथ बिक तथा कगेश्वर बिकको बंगालो जलेर नष्ट भए । आगलागीमा परेर इस्मा गाउँपालिका-१ का १९ वर्षीय हिमाल राना र मुसिकोट नगरपालिका-७ का प्रेम राना घाइते भए । उनीहरूको पाल्पा मिसन अस्पतालमा उपचार भइरहेको छ । डढेलो बस्ती पस्न थालेपछि नियन्त्रण गर्न स्थानीय पालिकासँग दमकल थिएन । इस्माको हस्तिचौरमा रेसुंगा नगरपालिकाको दमकलले एक दर्जन बस्ती जोगाएको छ । भने इस्माकै मड्किना र कोटकोटेरीमा सडकको कारण दमकल पुग्न सकेन । नजिकैको प्रहरी नेपाली सेना र स्थानीयको प्रयासमा बस्ती जोगिएको देखिन्छ ।

## उद्धार र राहत

०८१ वैशाख ८ गते आगो नियन्त्रणमा आएपछि प्रमुख जिल्ला अधिकारी कृष्णप्रसाद शर्मासहितको सुरक्षा निकाय, इस्मा गाउँपालिका र स्थानीयले पीडित परिवारलाई पायक पर्ने घरहरूमा आश्रयको व्यवस्था गरेको पाइयो । त्यसपछि तत्काल गाउँपालिकाको तर्फबाट खाद्यान्न र रेडक्रसको तर्फबाट टेण्ट, कम्बल र भाँडा सेट वितरण गरेको पाइयो । आगलागी भएका बस्तीमा खानेपानी र विद्युत थिएन । ०८१ वैशाख ९ गते इस्मा गाउँपालिकाका प्राविधिक टोलीद्वारा खानेपानी मर्मत तथा संचालन, विद्युत प्राधिकरणद्वारा विद्युत लाइन सुचारु गर्ने, स्थानीय र सुरक्षाकर्मीहरूद्वारा मरेका पशुहरूको व्यावस्थापनको काम भएको पाइयो । ०८१ वैशाख १० गते जिल्ला विपत् व्यावस्थापन समितिबाट जिल्लाका सबै आगलागी पीडितलाई नगद २० हजार प्रदान गरिएको छ । सङ्घीय सांसद गोकर्ण बिष्टको सहयोगमा चामल, ब्ल्याङ्केट, दाल, तेल नुन लगायत दैनिक उपभोग्य सामग्री र पकाउने भाँडाहरू सहयोग प्रदान गरिएको छ । छिमेकी पालिकाको तर्फबाट रेसुंगा नगरपालिकाले दुई लाख र नेपाली कांग्रेसले दुई लाख सहयोग गरेका छन् । आगलागीपछि विभिन्न संघ संस्थाले सहयोग गरेका छन् । व्यक्तिगत रूपमा नगद तथा जिन्सी सहयोग गर्नेहरूको संख्या पनि ठूलो रहेको छ । गाउँमा आगलागीबाट हरियो तथा सुकेको घाँस नष्ट भएपछि बाँचेका पशुचौपायको बिचिल्ली देखिएको छ । घाइते पशुहरूको उपचार र खानाको लागि पनि विभिन्न व्यक्तिहरूले घाँस लिएर आगलागी प्रभावित क्षेत्रमा पुगेको पाइयो ।



फोटो : गुल्मीका सघसस्था आगलागी पीडितलाई राहत प्रदान गर्दै

## इस्मा गाउँपालिकाले प्रभावित स्थलको बारेमा तयार पारेको प्रारम्भिक क्षति विवरण

# इस्मा गाउँपालिका
## गाउँकार्यपालिकाको कार्यालय
## इस्मा रजस्थल,गुल्मी
### यस गाउँपालिकामा आगलागीबाट भएको घर गोठ प्रारम्भिक क्षतिको विवरण

| क्र. स. | नाम थर | ठेगाना | सम्पर्क नं. | विवरण | | पशु चौपाया | | | परिवार संख्या | | | | | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | महिला | | | | | पुरुष | | | | | |
| | | | | घर | गोठ | भैसी | वाख्रा | अन्य | 0-5 | 6-15 | 16-50 | 50-माथि | जम्मा | 0-5 | 6-15 | 16-50 | 50-माथि | जम्मा | |
| १ | सुरेन्द्रलाल वि.क. | इस्मा-४, कोटकोटेरी | 9861070097 | १ | १ | ० | ० | ० | | १ | १ | १ | ३ | ० | १ | १ | १ | ३ | किराना तथा फेन्सी पसल जलेर नष्ट |
| २ | खगिश्वोर वि.क | इस्मा-४, कोटकोटेरी | 9745399741 | ० | १ | ० | ० | ० | | | १ | १ | २ | | ० | २ | १ | ३ | |
| ३ | थम्मन बहादुर अधिकारी | इस्मा-४, कोटकोटेरी | 9748802774 | १ | १ | १ | ० | ० | | १ | २ | | ३ | ० | ० | २ | २ | ४ | |
| ४ | राम बहादुर अधिकारी | इस्मा-४, कोटकोटेरी | 9867195685 | १ | १ | ० | ० | ० | ० | १ | १ | ० | २ | ० | २ | २ | ० | ४ | हाल बसोबास नरहेको |
| ५ | रेशम थापा | इस्मा-४, कोटकोटेरी | 9867354586 | ० | १ | | ० | ० | ० | १ | २ | | ३ | ० | १ | १ | ० | २ | |
| ६ | केशरी अधिकारी | इस्मा-४, कोटकोटेरी | 9768284597 | १ | १ | | ० | ० | ० | २ | १ | ० | ३ | ० | ० | ० | ० | ० | |
| ७ | हुकुम बहादुर अधिकारी | इस्मा-४, कोटकोटेरी | 9866095584 | १ | १ | | ० | ० | ० | ० | ० | १ | १ | ० | ० | ० | १ | १ | |
| ८ | विमला अधिकारी | इस्मा-४, कोटकोटेरी | 9845216366 | १ | २ | १ | 2 | | १ | | १ | | २ | ० | १ | १ | | २ | गोठ-२, थोरे भैसी मरेको |
| ९ | रिषिराम खनाल | इस्मा-४, कोटकोटेरी | 9867505012 | ० | १ | १ | ० | ० | ० | ० | २ | | २ | ० | ० | ३ | ० | ३ | |
| १० | बल बहादुर दर्जी | इस्मा-४, कोटकोटेरी | 9864662440 | १ | १ | | ० | ० | ० | १ | १ | | २ | ० | १ | १ | ० | २ | |
| ११ | गंगी दर्जी | इस्मा-४, कोटकोटेरी | 9864662440 | १ | ० | | ० | ० | ० | | | १ | १ | ० | ० | ० | ० | ० | |
| १२ | सरिता अधिकारी | इस्मा-४, कोटकोटेरी | 9861988174 | ० | ० | | ० | ० | ० | | १ | | १ | ० | २ | १ | ० | ३ | लता कपडा, टीभि |
| १३ | मिना थापा | इस्मा-४, कोटकोटेरी | 9867856868 | ० | १ | | ० | ० | ० | १ | | १ | २ | ० | १ | २ | ० | ३ | |
| १४ | तुलसा थापा | इस्मा-४, कोटकोटेरी | 9860445832 | ० | १ | | ० | ० | ० | ४ | १ | १ | ६ | ० | ० | ५ | ० | ५ | |
| १५ | सोभीराम अधिकारी | इस्मा-४, कोटकोटेरी | 9745421524 | ० | ० | | ० | ० | १ | | १ | | २ | १ | १ | १ | ० | ३ | राशन तथा बेड सिटमा क्षति |
| १६ | गोरखनाथ वि क | इस्मा-४, कोटकोटेरी | 9766498407 | ० | १ | | ० | ० | ० | ० | १ | | १ | | २ | १ | ० | ३ | |
| १७ | नारायण प्रसाद भण्डारी | इस्मा-४, कोटकोटेरी | 9869789015 | ० | १ | | ० | ० | ० | ० | १ | १ | २ | | | १ | १ | २ | |
| | जम्मा | | | ८ | १५ | ३ | २ | ० | २ | १२ | १७ | ७ | ३८ | १ | १२ | २४ | ६ | ४३ | |
| १ | टोपली वक्नेत | इस्मा-४, मह्कीना | 9765305874 | ० | १ | १ | ० | ० | १ | ० | ३ | २ | ६ | ० | ० | ३ | २ | ५ | |
| २ | गुञ्ज बहादुर वक्नेत | इस्मा-४, मह्कीना | 9766228189 | ० | १ | | ० | ० | १ | ० | १ | १ | ३ | ० | ० | २ | १ | ३ | |
| ३ | राम कुमारी वक्नेत | इस्मा-४, मह्कीना | 9867882770 | ० | १ | | ८ | ० | ० | ० | ० | १ | १ | ० | ० | ४ | ० | ४ | २ मौरी घार |
| ४ | कर्ण बहादुर सिंजाली | इस्मा-४, मह्कीना | 9762590045 | ० | १ | | ० | ० | | १ | १ | १ | ३ | ० | ० | २ | ० | २ | |
| ५ | कमला रेश्मी | इस्मा-४, मह्कीना | 9762590044 | १ | १ | १ | ८ | ० | १ | | २ | ० | ३ | ० | ० | ३ | ० | ३ | |
| ६ | सुभम वक्नेत | इस्मा-४, मह्कीना | 9762590045 | १ | १ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | २ | ० | २ | हाल बसोबास नरहेको |

| | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| जम्मा | | | | २ | ६ | २ | १६ | ० | ३ | १ | ७ | ५ | १६ | ० | ० | १६ | ३ | १९ | |
| १ | धर्मराज थापा | इस्मा-२ सिदुङ्खा | | १ | १ | २ | ४ | २ | ० | ० | ० | ० | २ | ० | ० | ० | ० | ४ | २ घर |
| २ | गोल बहादुर थापा | इस्मा-२ सिदुङ्खा | | | ४ | ० | ० | ० | ० | ० | ० | ० | १ | ० | ० | ० | ० | १ | ४ वटा गोठ, लता कपडा भाडा |
| ३ | प्रकाश थपा | इस्मा-२ सिदुङ्खा | | १ | ० | ० | ० | ० | ० | ० | ० | ० | ३ | ० | ० | ० | ० | १ | |
| ४ | टिका बहादुर रायमाझी | इस्मा-२ सिदुङ्खा | | १ | १ | ० | ० | ० | ० | ० | ० | ० | १ | ० | ० | ० | ० | १ | |
| ५ | तिर्थ बहादुर परियार | इस्मा-२ सिदुङ्खा | | १ | १ | १ | ३ | १० | ० | ० | ० | ० | ६ | ० | ० | ० | ० | २ | सिलाइ मेसिन ४ |
| ६ | राम बहादुर थापा | इस्मा-२ सिदुङ्खा | | ० | १ | | ० | ० | ० | ० | ० | ० | १ | ० | ० | ० | ० | १ | |
| ७ | इन्द्र बहादुर थापा | इस्मा-२ सिदुङ्खा | | ० | ४ | ० | ० | २ | ० | ० | ० | ० | २ | ० | ० | ० | ० | ३ | ४ गोठ, २ वटा गोरु मरेको |
| ८ | कमला कुँवर | इस्मा-२ सिदुङ्खा | | १ | ० | ० | | ० | ० | ० | ० | ० | २ | ० | ० | ० | ० | २ | 9869580846 |
| ९ | स्मृति कुँवर | इस्मा-२ सिदुङ्खा | | १ | १ | | २ | | ० | ० | ० | ० | १ | ० | ० | ० | ० | २ | 9840104489 |
| १० | गन बहादुर कुँवर | इस्मा-२ सिदुङ्खा | | १ | २ | १ | २ | ० | ० | ० | ० | ० | २ | ० | ० | ० | ० | २ | २ गोठ, 9867007750 |
| ११ | सरिता मल्ल | इस्मा-२, ताल्तुङ | | ० | १ | | | ० | ० | ० | ० | ० | | ० | ० | ० | ० | | |
| १२ | धन बहादुर कुवर | इस्मा-२, सिदुंखा | 9860845066 | १ | १ | १ | ५ | ० | ० | ० | ० | ० | १ | ० | ० | ० | ० | २ | किराना पासाल,भैसी १ घाईते |
| १३ | चन्दु बहादुर कुवर | इस्मा-२, सिदुंखा | 9867884238 | १ | १ | १ | ९ | ४ | ० | ० | ० | ० | ३ | ० | ० | ० | ० | २ | मिल-१, |
| १४ | मिना बि.क. | इस्मा-२,हाडिखोला | | १ | १ | १ | ० | ० | ० | ० | ० | ० | २ | ० | ० | ० | ० | ३ | आरन-१,भ |
| १५ | शंकर ब. बि.क. | इस्मा-२,हाडिखोला | | १ | ० | ० | ० | ० | ० | ० | ० | ० | १ | ० | ० | ० | ० | २ | |
| १६ | सरस्वती बि.क. | इस्मा-२,हाडिखोला | | ० | १ | ० | १ | ५ | ० | ० | ० | ० | ४ | ० | ० | ० | ० | ० | |
| १७ | सार्जु मल्ल | इस्मा-२,हाडिखोला | | १ | १ | ० | ६ | | ० | ० | ० | ० | ५ | ० | ० | ० | ० | २ | |
| १८ | खिमा थापा | इस्मा-२, सिदुंखा | 98677262515 | १ | १ | ० | ० | ० | ० | ० | ० | ० | ३ | ० | ० | ० | ० | ३ | |
| १९ | रुद्र थापा | इस्मा-२, सिदुंखा | | ० | १ | ० | ० | ० | ० | ० | ० | ० | १ | ० | ० | ० | ० | २ | |
| २० | ज्ञानु कुँवर | इस्मा-२, सिदुंखा | 9867551949 | १ | १ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | |
| २२ | रमेश थापा | इस्मा-२, फेदीया | 9857067121 | ० | १ | १ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | |
| २३ | गोर्ख बहादुर कुँवर | इस्मा-२, सारुवारी | | ० | १ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | |
| २४ | गिता थाप | इस्मा-२, फेदीया | 9847339617 | ० | १ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | |
| २५ | कमल कुँवर | इस्मा-२, सारुवारी | 9869936310 | ० | १ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | |
| जम्मा | | | | १४ | २८ | ८ | ३२ | २३ | ० | ० | ० | ० | ४१ | ० | ० | ० | ० | ३५ | |
| २६ | खगे कुमाल | इस्मा-६, बुल्म | 9766647295 | १ | ० | ० | ० | ० | ० | १ | २ | ० | ३ | ० | २ | २ | ० | २ | |
| २७ | मुक्त बहादुर कुमाल | इस्मा-६, बुल्म | 9765494871 | १ | ० | ० | ० | ० | ० | ० | २० | ० | १ | ० | ० | १ | ० | १ | |
| जम्मा | | | | २ | ० | ० | ० | ० | ० | १ | २२ | ० | ४ | ० | २ | ३ | ० | ३ | |
| सबै वडाको कुल | | | | २६ | ४९ | १३ | ५० | २३ | ५ | १४ | ४६ | १२ | ९९ | १ | १४ | ४३ | ९ | १०० | |

स्रोत : इस्मा गाउँपालिका गुल्मी

## शिक्षा, स्वास्थ्य र कृषि तथा बातावरणीय प्रभाव

### शिक्षा

२०८१ वैशाख ८ गतेको आगलागीका कारण इस्मा गाउँपालिका-२ को हस्तिचौर र वडा नं ४ को दोहलीका ३१ जना विद्यार्थी तथा दुई जना शिक्षक प्रभावित भएका छन् । हस्तिचौरको देविस्थान माविका १५ र जनता प्रावि तीन जना विद्यार्थीका घरगोठसंगै पाठ्यपुस्तक, कापी, कलम, झोला तथा पोशाक जलेर नष्ट भएका छन् । त्यस्तै इस्मा गाउँपालिका-४ को चन्द्र आधारभुत विद्यालयमा अध्ययन गर्ने १३ विद्यार्थी आगलागीबाट प्रत्यक्ष प्रभावित भएका छन् । उनीहरूको घरमा खाने खाद्यान्न, लत्ता कपडासहित विद्यालयको लागि आवश्यक सवै सामग्री जलेका छन् । नयाँ शैक्षिक सत्र सुरु भइसकेकाले अधिकांश विद्यालयहरूले नयाँ पाठ्यपुस्तक वितरण गरिसकेका थिए । भने अभिभावकले आवश्यक पोशाक र कापीकलमहरू पनि किनिसकेको पाइयो । अहिले विभिन्न दाताहरूबाट प्राप्त कापी कलम र झोला बिद्यार्थीहरूलाई वितरण गरिएको छ । रेडक्रसले पोशाकको कपडा सहयोग गरेपछि गाउँपालिकाले वडा नं १ को हस्तिचौरमा सिलाइ जनशक्ति नै राखेर विद्यार्थीहरूको पोशाक तयारी गरिरहेको पाइयो ।



फोटो : सेल्टरकै बसेर आगलागी  प्रभावित बिद्यार्थीको पोशाक सिलाउँदै इस्मा गाउँपालिका २ का गिर बहादुर परियार । उनलाई पोशाक रेडक्रसले र सिलाएको पारिश्रमीक गाउँपालिकाले दिएको छ ।

### स्वास्थ्य तथा खानेपानी एवं वातावरणीय प्रभाव

आगलागी प्रभावित इस्मा गाउँपालिकाका नागरिक मानसिक रूपमा पीडाले विक्षिप्त छन् । केही व्यक्ति सामान्य रूपमा घाइते पनि छन् । सम्पति गुमाउँदा सबैभन्दा ठूलो प्रभाव मानसिक रूपमा रहेको छ । उनीहरूको मानसिक पीडा कम गर्न मनोसामाजिक परामर्श आवश्यक छ । गाउँपालिकाले घटना लगत्तै

पीडितहरूको घाउहरूमा मलम लगाउन स्वास्थ्य परीक्षण, रक्तचाँपको परीक्षण लगायतका काम गरिसकेको पाइयो । खानेपानीका मुहानहरू गर्मीले त्यतिकै पनि सुक्न थालेका थिए । तर, आगलागीले जंगलका पाइप जले, घरमा राखेका ड्रम तथा गाग्री, ताउला र ग्यालेनहरू जलेपछि दुई दिन ठूलो खानेपानी सङ्कट निम्तिएको थियो । तर, अस्थायी पाइपलाइन बिस्तार गरेर खानेपानी सुचारु गरिएको छ । दाताहरूले प्रदान गरेका गाग्री र ड्रमहरूमा पानी सङ्कलनको काम भइरहेको छ। ठूला सामुदायिक जंगल तथा निजी वनहरूमा आगलागी भए पनि धुँवा र धुलोले मुहानहरू दुर्गन्धित भएका छन् ।

### कृषि तथा पशुपालन

आगलागीबाट इस्मा गाउँपालिका-२ र ४ मा भैसी, पाडा र बाखा गरेर ७५ पशुचौपाया जलेका छन् । सात पशुचौपाया घाइते छन् । वर्षदिनलाई जोहो गरेर राखेको खाद्यान्न र बिउ जलेपछि किसानहरू मानसिक रूपमा समेत बिचलित भएको पाइयो । उनीहरू बारीमा गएर काम गर्ने मानसिकतामा अझै पुगेका छैनन् ।




फोटो : इस्मा गाउँपालिका-मा आगलागीबाट घरगोठ र बारीको सवै घाँस जलेपछि पीडित परिवारलाई घाँस वितरण गर्दै

## अवास पुननिर्माणको विषय

इस्मा गाउँपालिकाले आवास निर्माणका लागि अग्निपीडित प्रतिपरिवार एक लाख रुपियाँ दिने भएको छ। इस्मा गाउँ कार्यपालिकाको बैठकले पूर्ण रूपमा घर जलेका परिवारलाई तत्काल पालिकाले एक लाख दिने र तीनै सरकारसँग साझेदारीमार्फत चार लाख रुपैयाँ उपलब्ध गराउने निर्णय गरेको छ । आगलागीबाट प्रभावित परिवारलाई मनसुन अगावै घर निर्माण गर्न सहज बनाउने उद्देश्यले गाउँपालिकाले एक लाख प्रदान गर्ने र प्रदेश तथा सङ्घसँग साझेदारी गरेर बाँकी रकम उपलब्ध गराउने योजना छ । इस्मा गाउँपालिका-२ मा तत्काललाई गाउँपालिकाले राखेका ५० दिने प्रधानमन्त्री रोजगार कार्यक्रमका श्रमिकद्वारा अस्थायी आवास निर्माणको काम भइरहेको छ । उनीहरू अहिलेसम्म आठवटा अस्थायी आवास निर्माण गरेका छन् । वडा नं २ मा २२ जना श्रमिक परिचालन भएका छन् ।



फोटो : इस्मा गाउँपालिका-२ मा स्थलगत अनुगमन गर्दै राष्ट्रिय विपद् जोखिम न्यूनिकरण तथा व्यावस्थापन प्राधिकरणबाट प्रवक्ता डाक्टर डिजन भट्राईसहितको प्राविधिक टोली

## आगलागी पीडितहरूको भनाइ

### इन्द्रबहादुर थापा, इस्मा गाउँपालिका-१

पसलसहितको गोठ जल्यो । सबै सम्पति जलेपछि कुनै चित्त बुझाउने उपाय छैन । दुई गोरु र एउटा भैसी घाइते भएर बाँचे । उनीहरूलाई खुवाउने घाँस छैन । तीन जना छोराछोरी विद्यालय उमेरका छन् । किताब, कापी र पोशाक सबै जले ।

### बलबहादुर परियार,इस्मा गाउँपालिका- ४

घरगोठ जलेर लाखौंको क्षति गऱ्यो । भागेर ज्यान मात्रै बचाएको । घरगोठसँगै दुई ओटा लुगा सिलाउने, एउटा काठ काट्ने मेसिन र पञ्चेबाजा सेट जलेर नष्ट भयो । गर्मीको कारण पालमा बस्न नसक्ने भएकाले छिमेकीकोमा बस्दै आएको छौं । केही समयमै बर्खा लाग्ने भएकाले छिटोभन्दा छिटो स्थायी आवास निर्माण गरिदिन सरकारसँग माग गर्दछु ।




फोटो : पीडित वल बहादुर परियार

टीकाबहादुर रायमाझी, इस्मा गाउँपालिका-१

घरमै बसेको बेला एक्कासि आगो लाग्यो । आफु ६ वर्ष पहिले लडेर खुट्टा नचल्ने भएकाले तीब्र हावा र गर्मीको कारण डढेलोले आँखै अगाडी घरगोठ जल्यो ।  आगो आफैँतिर आएपछि बारीमा पल्टिएर ज्यान जोगाएँ । नागरिकता, लालपुर्जा, अपांगता परिचय पत्र लगायतका महत्वपूर्ण कागजपत्र जलेर नष्ट भए । वैशाख १० गतेबाट पालमा बस्दै आएको छु । समयमै स्थायी आवास निर्माण गरिदिन माग गर्दछु ।



फोटो : पालमा बसेका इस्मा गाउँपालिका १ का पीडित टीका बहादुर रायमाझी

## सरोकारवालाको प्रतिक्रिया

**नाम : लोकनाथ आचार्य, वडाध्यक्ष, इस्मा गाउँपालिका-२**

घटनामा उद्धारसँगै तत्कालको राहत वितरण, खानेपानी र बिद्युत सुचारु, क्षतिको मुचुल्का संकलनको काम भएको छ । अहिले गाउँमा प्रधानमन्त्री रोजगार कार्यक्रमका श्रमिकद्वारा भग्नावशेष हटाउने र अस्थायी आवास निर्माणको काम भइरहेको छ । दाताहरूबाट प्राप्त राहतको लगत सङ्कलन, आवश्यकताको आधारमा वितरणको काम भइरहेको छ ।

नाम : मञ्जु मरासिनी, प्रध्यानाध्यापक : जनता प्रावि- इस्मा गाउँपालिका-२

विद्यालयका तीन जना विद्यार्थीको घरगोठसहित पाठ्य सामग्री जलेर नष्ट भए । विद्यालयका दुई शिक्षकको समेत घरगोठ र पशुचौपाय क्षति भयो । अग्निपीडितहरूका लागि विद्यालय अहिले सेल्टरका रूपमा प्रयोग

गरिँदा विद्यार्थीको पठनपाठन सहज भएको छैन ।



फोटो : विद्यालय र विद्यार्थीमा परेको प्रभावको बारेमा जनता प्राबिको प्रअ मञ्जु मरासिनीसंग छलफलपछि

नाम : भगतसिंह खड्का, अध्यक्ष : इस्मा गाउँपालिका गुल्मी

दाताहरूको सहयोगलाई एकद्वार बनाउने योजना बनाएका छौं । सहयोगका लागि सार्वजनिक अपिल गरिएको छ । उद्धारसँगै प्रारम्भि चरणको राहत वितरण, तथ्याङ्क सङ्कलन लगायतका कार्य सकिएको छ । गाउँपालिकाले प्रभावित क्षेत्रमा खाद्यान्नसहित दैनिक उपभोग्य सामग्री वितरण, प्लम्बरमार्फत खानेपानी सञ्चालन, सुरक्षाकर्मी र स्थानीयको सहयोगमा मृत पशुचौपायाको व्यवस्थापनको काम गरिसकेकाले तत्काल पुनर्स्थापनाको कामका लागि आर्थिक सहयोग संकलन, तीन तहका सरकारसंग समन्वय, पालिकाद्वारा स्थायी घर निर्माणको प्याकेज सार्वजनिक गरिएको छ ।

# इस्मा गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
इस्मा राजस्थल, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल

प.सं. ०८०।८१
च.नं.

मिति : २०८१।०१।०९

### हार्दिक अपिल

यही मिति २०८१ साल बैशाख ७ र ८ गतेका दिन यस गाउँपालिकाको विभिन्न स्थानहरुको बनक्षेत्रमा भएको आगलागी बस्तीमा फैलिन गएको कारण कैयौं घर, गोठ एवं पशुचौपाया, खाद्यान्न, लत्ताकपडा, खानेपानीको पाइप जलेर नष्ट हुन गई ठूलो क्षति भएको र कैयौं स्थानको आगो अझै पूर्ण नियन्त्रणमा नआईसकेको कारण अरु बढी क्षति बेहोर्नु पर्ने समेत हुन सक्ने सम्भावना रहेको, घरबार विहिन हुन पुगेका नागरिकहरुको लागि खाना तथा आवासको व्यवस्था गर्नु पर्ने, खानेपानी तथा बाटोघाटोको व्यवस्था मिलाउनु पर्ने, यस विपदको तत्काल उद्दार राहतको लागि इस्मा गाउँ कार्यपालिकाको मिति २०८१।०१।०९ गतेको निर्णय अनुसार गाउँपालिकाको जनप्रतिनिधिहरुबाट १ महिनाको पारिश्रमिक र गाउँपालिकामा कार्यरत सम्पूर्ण कर्मचारीहरुबाट मासिक तलबको ५ प्रतिशतले हुन आउने रकम आगलागी राहत कोषमा उपलब्ध गराउने, साथै उक्त उद्दार कार्यमा सहयोगको लागि विभिन्न सरकारी तथा गैरसरकारी संघ संस्था, सहकारी, समूह, व्यक्तिहरुमा हार्दिक अपिल गर्दछौं । साथै उद्दारको लागि राहत उपलब्ध गराउन चाहनु हुने व्यक्ति एवं संघ संस्थाहरुले यस गाउँपालिकाको नाममा ग्लोबल आइएमइ बैंक इस्मा शाखामा रहेको ग-७-२ प्रकोप व्यवस्थापन कोष खाता ३५७०४०१००००००५ मा उपलब्ध गराई एकद्वार प्रणाली मार्फत व्यवस्थापन गर्न साथै सामग्री उपलब्ध गराउन चांहनु हुनेले गाउँ कार्यपालिकाको कार्यालयमा उपलब्ध गराई सहयोग पुराउनु हुन सम्पूर्णमा हार्दिक अपिल गर्दछौं ।

भमत सिंह खड्का
अध्यक्ष

फोन नं. ९८५७०६७९१४, ९८५७०६४५७८ वेब साइट : ismamun.gov.np इमेल: ismaruralmunicipality@gmail.com

फोटो : इस्मा गाउँपालिकाले जारी गरेको सार्वजनिक अपिल

नाम : कृष्णप्रसाद शर्मा, प्रमुख जिल्ला अधिकारी-जिल्ला प्रशासन कार्यालय, गुल्मी

जिल्लाका धेरै वन क्षेत्रमा आगलागी भएको छ । सुरक्षा निकायले पहिलो प्राथमिकतामा मानवीय क्षति न्यूनीकरणमा ध्यान दिँदै बस्ती नजिकको आगलागी नियन्त्रणमा जोड दिएको छ । वैशाख ७, ८, ९ र १० गतेको आगलागीले सवैभन्दा बढी इस्मामा क्षति भयो । मदाने, मुसिकोट, गुल्मी दरबार र रुरुमा पनि घरगोठहरू जलेका छन् । पीडित परिवारलाई तत्काल विपत् व्यवस्थापन समितिको तर्फबाट नगद २० हजार र सङ्घसंस्थाहरूबाट आवश्यक खाद्यान्न, लत्ताकपडा र आवश्यक सामग्री प्रदान गरिएको छ । विपत् जोखिम प्राधिकरणबाट प्राविधिक टोली झिकाएर स्थलगत अनुगमन गरेर स्थायी आवास निर्माणको प्रक्रिया अगाडि बढाइएको ।

**फोटो : आगलागी पीडितहरूसँगै कुराकानी गर्दै अनुगमन समिति**








फोटो : आगलागीले ध्वस्त बस्तीका केहि तस्विरहरू






सुझाव:

१. विद्यालयलाई अस्थायी आवासका रूपमा प्रयोग गरिनु हुँदैन ।

२, पीडितहरूलाई मनोसामाजिक परामर्श प्रदान गर्नु पर्छ ।

३, खानेपानीको मुहान संरक्षण, पखला, आँखा पाक्ने र भाइरल ज्वरो फैलन सक्ने भएकाले सर्तकता अपनाउन आवश्यक छ ।

४, घर सम्झौता र फर्स्योटका विधि छोटा बनाएर छिटोभन्दा छिटो आवास निर्माण गर्नुपर्ने ।

५, सरकार र सरकारका निकायले विपत् न्यूनीकरण र विपत् पूर्व तयारी गरिरहनुपर्ने ।